आज मिति २०७७/०२/२५ गतेका दिन कोहलपुर नगरपालिका नगर प्रमुख श्री लूट बहादुर रावत ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपसिलको उपस्थितीमा निम्न प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो ।

| क्र.सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | लूट बहादुर रावत | अध्यक्ष | |
| २. | सन्जु कुमारी चौधरी | सदस्य | |
| ३. | गोपीलाल खनाल | सदस्य | |
| ४. | कर्णसिंह बुढाक्षेत्री | सदस्य | |
| ५. | माधव रिजाल | सदस्य | |
| ६. | तिरथराम थारु | सदस्य | |
| ७. | विष्णु प्रसाद तिवारी | सदस्य | |
| ८. | राम सरन थारु | सदस्य | |
| ९. | दिपकजंग शाह | सदस्य | |
| १०. | रेशम बहादुर खत्री | सदस्य | |
| ११. | ठाकुर प्रसाद थारु | सदस्य | |
| १२. | निम बहादुर चलाउने | सदस्य | |
| १३. | कर्ण बहादुर थापा | सदस्य | |
| १४. | नैन बहादुर शाही | सदस्य | |
| १५. | ओम प्रकाश वली | सदस्य | |
| १६. | टेकचन हरिचन | सदस्य | |
| १७. | पतीराम थारु | सदस्य | |
| १८. | लीला कुमारी पाण्डे | सदस्य | |
| १९. | नारायणी वली | सदस्य | |
| २०. | गीता सुनार | सदस्य | |
| २१. | कल्पना शर्मा | सदस्य | |
| २२. | शान्ति सुनार्नी | सदस्य | |
| २३. | दयाराम वि.क. | सदस्य | |
| २४. | भिम बहादुर नेपाली | सदस्य | |
| २५. | डिल बहादुर परियार | सदस्य | |
| २६. | बिरेन्द्रदेव भारती | सचिव | |
| | सहयोगी कर्मचारी | | |
| १ | सन्दिप । क्षेत्री (तुना) | ई.अ. | |
| २ | ओमप्र. आचार्य | अधिकृत | |
| ३ | हेमराज खत्री | कासि | |
| ४. | राजेन्द्र टमटा | ,, | |

## प्रस्ताव तथा निर्णयहरु :

निर्णय नं. ०१

प्रस्ताव नं.०१ मा छलफलगर्दा आगामी आ.व. २०७७/०७८ को नगरसभाका लागि **"स्थानीय सरकार संचालन ऐनको दफा-७१"** को व्यवस्था अनुसार निर्धारित समयभित्र शुरु गरी तयारी अवस्थामा रहन सम्पुर्ण विषयगत समिति र विषयगत शाखा कार्यालयको कार्यक्रमहरु क्षेत्रगत रुपमा तथा वार्ड समिति र वडा स्तरमा संचालन हुने कार्यक्रम/योजनाहरुको विवरण २०७७ अषाढ ३ गते सम्ममा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ०२

प्रस्ताव नं.०२ मा छलफलगर्दा आगामी आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम, योजना तथा बजेट तर्जूमा सम्बन्धी श्री संघीय मामिला तथा समानय प्रशासन मन्त्रालयको मिति २०७७/०२/२० च.न.४७२ को प्राप्त निर्देशनमा आधारित रहेर तर्जूमा गर्ने निर्णय गरियो ।

निर्णय नं. ०३

प्रस्ताव नं.०३ मा छलफलगर्दा यस नगरपालिका अर्न्तगतका सार्वजनिक विद्यालयहरुको नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुर मार्फत आव्हान गरिएको **"राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम"** अन्तरगतको परियोजना संचालनका लागि सूचनामा उल्लेखित म्याद भित्रै आवेदन गरेकोमा कोभिड-१९ को कारणले सिर्जित वन्दावन्दीको कारणले समयमै प्रस्ताव पेश गर्न नसकिएकोले तपसिल वमोजिमका विद्यालयहरुलाई उक्त सूचना वमोजिमका कार्यक्रम उपलब्ध गराईदिनहुन सिफारिस साथ अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल :

१. कोहलपुर माध्यामिक विद्यालय, कोहलपुर-११,बाँके
२. ज्ञान ज्योति माध्यामिक विद्यालय, कोहलपुर-१२,बाँके
३. त्रिभुवन माध्यामिक विद्यालय, कोहलपुर-१०,बाँके
४. ज्ञान ज्योति माध्यामिक विद्यालय, कोहलपुर-११,बाँके
५. सरसवती माध्यामिक विद्यालय, कोहलपुर-०८,बाँके
६. जनज्ञान ज्योति माध्यामिक विद्यालय, कोहलपुर-०१,बाँके
७. राधाकृष्ण प्राथमिक विद्यालय, कोहलपुर-१५,बाँके
८. राम माध्यामिक विद्यालय, कोहलपुर-१४,बाँके
९. कृष्ण माध्यामिक विद्यालय, कोहलपुर-०१,बाँके
१०. जनता माध्यामिक विद्यालय, कोहलपुर-०३,बाँके
११. ने.रा.मा.वि., कोहलपुर-१२,बाँके
१३. लक्ष्मी माध्यामिक विद्यालय, कोहलपुर-०२,बाँके

निर्णय नं. ०४

प्रस्ताव नं.०४ मा छलफलगर्दा यस नगरपालिका नगर स्वास्थ्य शाखा अन्तरगत कार्यरत स्वास्थ्यकर्मीहरुको मनोवल उच्च राखि **कोरोना भाइरसको** (कोभिड-१९) संक्रमण नियन्त्रण, रोकथाम र उपचार सम्बन्धी कार्यमा परिचालन गर्ने कार्य भै रहेकाले नेपाल सरकारको निर्णय समेतलाई आधार मानि निम्न वमोजिमका कार्य अगाडी वढाउने निर्णय गरियो ।

तपसिल :

१. कोभिड-१९ संक्रमणको अग्रपंक्तिमा कार्यगर्ने र Isolation Ceterमा खटिने स्वास्थ्यकर्मीहरुलाई १००% प्रतिशत जोखिम भत्ता उपलब्ध गराउने ।

२. RDT र Swab Collection को कार्य गर्ने दिनको अग्रपंक्तिमा स्वाव संकलक र परिक्षकलाई रु.२,०००।- र अन्य कर्मचारीहरुलाई रु.१,०००।- प्रतिदिन उपलब्ध गराउने ।
३. Isolation Ceter मा खटिएका स्वास्थ्यकर्मीहरुलाई १४ दिन सम्म क्वारेन्टाईनमा राख्ने व्यवस्था गर्ने ।
४. स्वाव संकलन र RDT परिक्षण सम्बन्धि जनशक्तिको अभाव भैरहेकाले थप १ जना (एक) सो सम्बन्धि ज्ञान भएको जनशक्ति करारमा लिने ।

निर्णय नं. ०५

प्रस्ताव नं.०५ मा छलफलगर्दा यस नगरपालिकाको पाँचौ नगरसभावाट विनियोजित भौतिक निर्माण तर्फको नगर तथा वार्ड स्तरिय कुनै कार्यक्रम कोभिड-१९ का कारणले तोकिएको कार्यमा खर्च हुन नसक्ने वा सो कार्यक्रम भन्दा अर्को कार्यक्रम महत्वपूर्ण अवस्था सिर्जना भएको हकमा वार्ड समितिको सिफारिसमा नगर प्रमुखज्यूवाट रकमान्तरण गर्ने गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ०६

प्रस्ताव नं.०६ मा छलफलगर्दा नेपाल भरी नै लागु भएको वन्दावन्दीको कारण २०७६।१२।११ वाट यस न.पा.मा समेत आन्तरिक राजश्व अशुली शून्यमा रहेको, नेपाल सरकार तथा प्रदेश सरकारवाट प्राप्त हुने राजश्व बाँडफाँडको रकममा समेत उल्लेख्य कटौती हुने देखिएकाले नगरसभावाट आन्तरिक स्रोतवाट व्यहोर्ने गरी विनियोजित साना भौतिक निर्माणका योजनाहरु अन्य जुनसुकै निर्शत स्रोतमा बचत हुने रकमवाट संचालन गर्ने गरी कार्य अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ०७

प्रस्ताव नं.०७ मा छलफलगर्दा यस नगरपालिकाका विभिन्न वार्डमा हालसम्म प्राप्त निवेदन वमोजिम हावा/हुरी असिना लगायतका प्राकृतिक प्रकोपवाट क्षति हुन गै प्रहरी प्रतिवेदन समेतवाट एकिन हुन आएको निम्न वमोजिमको क्षति रकमलाई आधारमानि क्षति रकमको १० (दश) प्रतिशतले हुन आउने रकम क्षतिपूर्ति स्वरुप विपद व्यवस्थापन कोषवाट खर्च लेखि उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल :

| क.स | नाम थर ठेगाना | मिति | कारण | मुचुल्का भएको / नभएको | क्षतिको लागत रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | गर्ज बहादुर बुढामगर को.न.पा १३ | २०७६।१२।२५ | आगलागि | प्रहरि मुचुल्का भएको | रु.३,५६,०००।० | |
| २. | सृजना मल्ल को.न.पा २ | २०७६।१२।०१ | हावाहुरि,असिना | प्रहरि मुचुल्का भएको | रु. ४१,०००।० | |
| ३. | त्रिपुरा वलि को.न.पा २ | २०७६।१२।०१ | हावाहुरि,असिना | प्रहरि मुचुल्का भएको | रु.६५,०००।० | |
| ४. | देउरुपा खत्रि को.न.पा २ | २०७६।१२।०१ | हावाहुरि,असिना | प्रहरि मुचुल्का भएको | रु.३१,०००।० | |
| ५. | धिर्जा.कु.सिजापति को.न.पा २ | २०७६।१२।०१ | हावाहुरि,असिना | प्रहरि मुचुल्का भएको | रु.१७०,००।० | |
| ६. | पानसरा बुढाथोकि को.न.पा २ | २०७६।१२।०१ | हावाहुरि,असिना | प्रहरि मुचुल्का भएको | रु.३,९००।० | |
| ७. | कविता बाठा को.न.पा २ | २०७६।१२।०१ | हावाहुरि,असिना | प्रहरि मुचुल्का भएको | रु.८,८००।० | |
| ८. | कमला देबि कापले को.न.पा २ | २०७६।१२।०१ | हावाहुरि,असिना | प्रहरि मुचुल्का भएको | रु.२,५१,०००।० | |
| ९. | चन्द्र.ब.चन्द ठकुरि को.न.पा २ | २०७६।१२।०१ | हावाहुरि,असिना | प्रहरि मुचुल्का भएको | रु. १९,०००।० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०. | शारदा शाहि को.न.पा २ | २०७६।१२।०१ | हावाहुरि,असिना | प्रहरि मुचुल्का भएको | रु.१३,८००।० | |
| ११. | धन सिहं राना को.न.पा २ | २०७६।१२।०१ | हावाहुरि,असिना | प्रहरि मुचुल्का भएको | रु.१६,८००।० | |
| १२. | रबिलाल दमाई को.न.पा २ | २०७६।१२।०१ | हावाहुरि,असिना | प्रहरि मुचुल्का भएको | रु.१७,०००।० | |
| १३ | कमला गिरी के.सि को.न.पा २ | २०७६।१२।०१ | हावाहुरि,असिना | प्रहरि मुचुल्का भएको | रु.५१,०००।० | |
| १४ | पुर्ण.कु.सिह ठकुरि को.नं.पा १३ | ०७७।०१।२८ | हावाहुरि | प्रहरि मुचुल्का भएको | रु.७९,८००।० | |
| १५ | नन्द कलि खत्रि को.नं.पा-२ | ०७७।०१।२८ | हावाहुरि | प्रहरि मुचुल्का भएको | रु.१४००००।० | |
| १६ | कालि प्रसाद थारु को.नं.पा ११ | २०७६।१२।०१ | हावाहुरि,असिना तथा चट्याङ्ग | प्रहरि मुचुल्का भएको | रु.७७,०००।० | |
| १७ | भिखनि थारु को.नं.पा ११ | २०७६।१२।०१ | हावाहुरि,असिना तथा चट्याङ्ग | प्रहरि मुचुल्का भएको | रु.८८,६००।० | |
| १८ | शंकर थारु को.नं.पा ११ | २०७६।१२।०१ | हावाहुरि,असिना तथा चट्याङ्ग | प्रहरि मुचुल्का भएको | रु.२८,०००।० | |
| १९ | नरु खाड को.नं.पा ११ | २०७६।१२।०१ | हावाहुरि,असिना तथा चट्याङ्ग | प्रहरि मुचुल्का भएको | रु.४४,०००।० | |
| २० | लक्ष्मी थापा को.नं.पा ११ | २०७६।१२।०१ | हावाहुरि,असिना तथा चट्याङ्ग | प्रहरि मुचुल्का भएको | रु.१,८५,०००।० | |
| २१ | युवराज पराजुलि को.नं.पा ३ | २०७६।१२।०१ | बर्षात,हावाहुरि एवं असिना | प्रहरि मुचुल्का भएको | रु.४३,०००।० | |
| २२ | बिष्णु कुमारि चौधरि को.नं.पा ५ | २०७६।१२।०१ | बर्षात,हावाहुरि एवं असिना | - | रु.४५,०००।० | वडा कार्यालय को सिफारिस पत्र मात्र भएको । |
| २३ | अर्जुन थारु कोहलपुर बंगुर पालन फार्म | २०७६।१२।०१ | बर्षात,हावाहुरि एवं असिना | प्रहरि मुचुल्का भएको | रु.६७९,०००।० | |

### निर्णय नं. ०८

प्रस्ताव नं.०८ मा छलफलगर्दा यस  यस नगरपालिकाको भौतिक पूर्वाधार तर्फको उपभोक्ता समितिबाट संचालन हुने आयोजना सम्बन्धमा भ्याट तिर्नुपर्ने ढुङ्ग, गिट्टि, बालुवा, माटो आदिमा सो कार्यको भ्याट विल पेश नगरी भरपाई मात्र पेश गरेमा १५% प्रतिशत करकट्टी गरी सम्बन्धित समितिलाई भुक्तानी दिने निर्णय गरियो । साथै रु.५००,०००।- (पाँचलाख) भन्दा माथिका आयोजनामा अनिवार्य रुपमा २.५ प्रतिशत कन्टिनजेन्सी वापतको रकम कट्टी गर्ने निर्णय गरियो ।

### निर्णय नं. ०९

प्रस्ताव नं.०९ मा छलफलगर्दा यस  यस नगरपालिकाले संचालन गर्ने सिकलसेल र थालेसेमिया रोगको सचेतना, स्क्रिनिङ्ग पहिचान तथा प्रयोगशाला सञ्चालन मार्गदर्शन, २०७६ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं.१० मा छलफलगर्दा यस कोरोना भाईरस (कोभिड-१९) संक्रमणको संभावित जोखिम रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले घोषणा गरेको लकडाउनको अवधिमा नगरपालिकामा कार्यरत तपसिल वमोजिमका कर्मचारीहरुलाई निजहरुले खाईपाई आएको तलब स्केलको ५०% (पचास प्रतिशत) थप सुविधा मिति २०७७ बैशाख देखि उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल :

१. ना.सु.-श्री ईन्द्रमणी ढकाल श्री दिपा गुरुङ, ना.सु.
२. सहलेखापाल- श्री सिमान थारु
३. सहलेखापाल- श्री नर्मदा कुमारी रावत
४. सहायक कम्प्युटर अपरेटर-श्री करुणा विष्ट
५. मुखिया-श्री मनोज कुमार थारु
६. का.स.-श्री सुमित्रा थारु
७. का.स.-श्री चक्र बहादुर शाही
८. गार्ड श्री केशव खडका
९. प्रेस सल्लाहकार श्री भीम बहादुर रावत
१०. नगर प्रमुखको स्वकिय सचिव श्री कुलबहादुर भट्टराई
११. प्रशासकीय अधिकृत श्री हरि बहादुर वली

निर्णय नं. ११

प्रस्ताव नं.११ मा छलफलगर्दा भारत लगायत तेस्रो देशवाट फर्किएका नागरिकहरुका लागि यस नगरपालिकाले विभिन्न वार्डहरुमा निर्माण गरेका क्वारेन्टाईनहरुमा वसेका नागरिकहरुलाई खाना, नास्ता तथा आवासको खर्च नगरपालिकाको तर्फवाट हुने व्यहोर्ने र सो को खर्च गर्ने अख्तियारी सम्बन्धित वडाका कुनै कर्मचारीहरुलाई प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

प्रस्ताव नं.१२ मा छलफलगर्दा वडा नं.१२ मा तेस्रो चरणको राहत वितरण कार्यका लागि खरिद गरिएको खाध्य सामग्री हाँल उक्त वडामा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन भएकाले राहत कार्यक्रमलाई सोहि कार्यक्रमसँग जोड्ने र मौज्दात रहेको सो खाध्य सामग्रीहरुलाई विभिन्न वडामा रहेका क्वारेन्टाईनमा पठाउने गर्ने निर्णय गरियो ।